# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, ब्याङ्गडाडा झापा
## कोशी प्रदेश, नेपाल

प.सं-२०८०/८१(राजश्व)

च.नं.

हाटवजार तथा बहालभिटौरी तथा कन्काइ नदी जलकर संकलनको लागी शिलबन्दी दरभाउपत्र प्रस्ताव आब्हान सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०८१-०३-०४

प्रस्तुत विषयमा शिवसताक्षी नगरपालिकाको मिति २०८०/०३/०४ को निर्णय तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार निम्नानुसारको न्युनतम अंक नघटाइ आ.व. २०८१/०८२ वर्ष १(एक) को लागि तोकिएका शर्तमा विभिन्न **हाटवजार तथा बहालभिटौरी र कन्काइ नदी जलकर** ठेक्का लिन चाहने इच्छुक फर्म वा संस्थाले रितपुर्वक निम्न ठेक्काहरुको अलग अगल शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

निम्न:

शिवसताक्षी नगरपालिका क्षेत्रका विभिन्न हाटवजार तथा बहाल भिटौरी र जलकर सम्बन्धी ठेक्का विवरण

ठेक्का नं. SM/HB/01

| क.सं. | विवरण | आ.व २०८१/०८२ को लागि न्यूनतम ठेक्का रकम अंकमा | रकम अक्षरमा |
|---|---|---|---|
| १ | धौले चौक हाट बजार तथा वहाल भिटौरी | १०,०००।०० | रु दश हजार मात्र |
| २ | डुँडामारी हाट बजार तथा बहाल भिटौरी | १०,१००।०० | रु दश हजार एक सय मात्र |
| ३ | चन्द्रडाँगी हाट बजार तथा बहाल भिटौरी | २५,०००।०० | रु पच्चीस हजार मात्र |
| ४ | शिवगञ्ज हाट बजार ताथ बहाल भिटौरी | ३५१,०००।०० | रु तिन लाख एकाउन्न हजार मात्र |
| ५ | लालपानी हाट बजार तथा बहाल भिटौरी | १०,०००।०० | रु दश हजार मात्र |
| ६ | दुधे हाट बजार तथा बहाल भिटौली | १७१,०००।०० | रु एक लाख एकहत्तर हजार मात्र |
| ७ | माईधार हाट बजार तथा बहाल भिटौरी | २८१,०००।०० | रु दुइलाख एकासी हजार मात्र |
| ८ | मंलबारे हाट बजार तथा बहाल भिटौरी वडा नं. २ | २३१,०००।०० | रु दुइलाख एकतिस हजार मात्र |

अमृत बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

प.सं-२०८०/८१(राजश्व)
च.नं.

| | | | |
|---|---|---|---|
| ९ | बोलोचोक, जनता बजार, रंगियाथान, पाँचगाछी पुरानो बजार र पाँचगाछी नया हाट बजार तथा बहाल भिटौरी शिवसताक्षी वडा नं. ४ | २६१,०००।०० | रु दुइलाख एकसट्ठी हजार मात्र |
| १० | कन्काई नदि जल कर (शिवसताक्षी नगरपालिका क्षेत्र) | १००,०००।०० | रु एकलाख मात्र |
| ११ | झिलझिले बजार तथा बहाल भिटौरी | ९०१,०००।०० | रु नौ लाख एक हजार मात्र |
| १२ | धरमपुर हाट बजार तथा बहाल भिटौरी वडा नं १ | १०१,५००।०० | रु एकलाख एक हजार पाँचसय मात्र |
| १३ | पाराबारी बजार ताथ बहाल भिटौरी वडा नं. ३ | १३०,०००।०० | रु एकलाख तिस हजार मात्र |
| १४ | ब्याङ्गडाँडा हाट बजार तथा बहाल भिटौरी | ३५,०००।०० | रु पैतिस हजार मात्र |

ठेक्का सम्बन्धी शर्त तथा अन्य विवरणः

- इच्छुक योग्यता पुगेका दरभाउपत्र दाताहरुबाट सुचना प्रकाशन मितिले १५(पन्ध्रौ) औ दिन मिति २०८०/०३/१८ सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि यस कार्यालयको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड,शिवसताक्षी शाखामा रहेको बैंक खाता नं. २९६०१४००००००१७ ग.१.१ मा रु १,०००।०० (अक्षेरपी रु एक हजार मात्र) जम्मा गरी वा नगदै बुझाइ नगदी रसिदका साथ फर्म/संस्था दर्ता (नविकरण भएको) प्रमाणपत्र, स्थायी लेखा नंबर वा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र यस कार्यालयबाटै खरिद गर्न सकिने छ ।
- आफुले लिन चाहेको ठेक्काको कबोल अंक नगरपालिकाले उपलब्ध गराएको फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गरी दरभाउपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले कार्यालय समय भित्र १५औ दिन सम्म ठेक्का फाराम खरिद गर्न सकिने छ र १६ (सोह्रौ) दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ र सोहि दिनको ठिक २:०० वजे ठेक्का प्रस्ताव खोलिने छ। शिलवन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा दर्ता र खोलिने छ ।
- शिलबन्दी दरभाउत्रका साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत यस कार्यालयको नाममा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, शिवसताक्षी शाखामा रहेको धरौटी खाता न २९६०१४००००००४८ ग.३.१ मा नगदै जम्मा गरी सक्कलै भौचर वा ७५(पचहत्तर) दिनको म्याद भएको मान्यताप्राप्त (क) वर्गको

# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, ब्याङ्गडाडा झापा
## कोशी प्रदेश, नेपाल

प.सं-२०८०/८१(राजश्व)
च.नं.

वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बिड बण्ड (बैंक ग्यारेन्टी) शिलबन्दि दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ ।

- ठेक्का स्वीकृत हुने बोलपत्रदाताले कबोल अंकको रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत रकम छुट दिइने छ ।
- ठेक्का स्वीकृत हुने दरभाउपत्रदाताले किस्ताबन्दी रुपमा रकम बुझाउने भए कबोल अंकको ५० प्रतिशत पहिलो किस्ता बापत रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ । बाँकी ५० प्रतिशत रकम ठेक्का सम्झौता भएको २ महिना भित्र अनिवार्य बुझाउनु पर्नेछ ।
- स्वीकृत दरभाउपत्रदाताले सम्पूर्ण रकम एकमुष्ट नबुझाएमा ठेक्का सम्झौता गर्न आउँदा बुझाउन बाँकी रकम बराबरको जमानत बापत रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकबाट सम्झौता अवधिसम्मको यस नगरपालिकाको नाममा जारी भएको बिड बण्ड (बैंक ग्यारेन्टी) सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ ।
- यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ

| सुचना प्रशाशन मिति | ठेक्का फारम खरिद गर्ने अन्तिम दिन (पन्ध्रौ दिन) | ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन (सोह्रौ दिन) | कैफियत |
|---|---|---|---|
| २०८१-०३-०४ | २०८०-०३-१८ (कार्यलय खुल्ने समय भित्र) | २०८१-०३-१९ (दिनको ठीक १२:०० बजे सम्म) | |

अमृत बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत